कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
वीरेन्द्रनगर, नेपाल

**Provincial Crisis Management Center को २०७७।४।२९ को बैठकका निर्णयहरु :**

१. प्रदेशमा भएको कोरोना संक्रमितको दर र समुदायमा भएको संक्रमण समेतको अवस्थालाई विश्लेषण गरी विज्ञहरुसंग सल्लाह सुझाव लिई रोकथाम, उपचार र पूर्वतयारीको कार्य स्थानीयतहहरुसंग समन्वय गरी कार्यान्वयन गर्ने गराउने सम्बन्धमा सामाजिक विकास मन्त्रालयले पहिलो प्राथमिकताका साथ गर्ने व्यवस्था मिलाउने ।

२. जनसमुदाय र सरकारी कार्यालयहरुले पालना गर्ने गरी कोभिड-१९ को संक्रमणबाट बच्नका लागि आचारसंहिताको छुट्टा छुट्टै निर्देशिका (निर्देशन) बनाई लागु गराउने र सो निर्देशन होडिङ्ग बोर्ड वा डिस्प्ले वा प्रिन्ट बनाई नाकाहरु तथा सार्वजनिक स्थलहरुमा राख्ने व्यवस्था गर्ने ।

३. भारतबाट आउने नेपाली नागरिकहरुलाई अनिवार्य रुपमा सीमा नाकाको क्वारेन्टिनमा राख्ने तथा क्वारेन्टिनको क्षमता भन्दा बढी राख्नु पर्ने अवस्था भएमा मध्यपश्चिम विश्वविद्यालयको भवनलाई पनि प्रयोग गर्ने वैकल्पिक व्यवस्था मिलाउने सम्बन्धमा सामाजिक विकास मन्त्रालयले समन्वय गरी आवश्यक कार्य गर्ने गराउने ।

४. एक पालिका एक क्वारेन्टिन वा आइसोलेशन स्थायी प्रकृतिको बनाउन स्थानीयतहसंग सामाजिक विकास मन्त्रालयले आवश्यक कार्य गर्ने गराउने ।

५. कर्णाली प्रदेशमा प्रवेश गर्ने सल्यान जिल्लाको कालिमाटी काल्चे तथा कपूरकोट, सुर्खेतको बबई र कुइने नाकाबाट आउने नेपाली नागरिकलाई प्रवेशमा कडाईका साथ चेकजाँच गर्ने व्यवस्था मिलाउन सामाजिक विकास मन्त्रालयले स्थानीय प्रशासनसंग समन्वय गर्ने ।

६. देश भित्रबाट आएका र भारतबाट आएका नेपाली नागरिकहरुलाई छुट्टा छुट्टै क्वारेन्टिनमा राख्ने र प्रवेशका लागि कम्तीमा तीन दिन अगाडिको PCR REPORT अनिवार्य रुपमा लिने । यसको लागि मिति २०७७।५।०१ देखि PCR REPORT अनिवार्य रुपमा लिएर मात्र कर्णाली प्रदेश भित्र प्रवेश गर्न दिने र रातीमा कर्णाली प्रदेश पूर्णरुपमा बन्द गर्ने ।

७. यस जिल्लाबाट अतिआवश्यक सरकारी कामले जानुपर्दा र सो बाहिरी स्थानबाट भित्रिदा सरकारी कर्मचारी र जनप्रतिनिधिहरुले समेत PCR TEST गराई मात्र बाहिर जिल्ला जाने र भित्रिने ।

८. मास्कको अनिवार्य रुपले प्रयोग गर्ने गराउने र समुदायस्तरमा मास्कको व्यवस्था स्थानीयतहले मिलाउने यसमा प्रदेशबाट समेत सहयोग गर्ने र मास्क प्रयोग नगर्नेलाई जरीवाना गर्ने ।

९. संक्रमितको दर बढि रहेको अवस्थामा कुनै पनि धार्मिक र सांस्कृतिक पर्वका जात्रा मेला, नाचगान नगर्न नगराउन र अत्यावश्यक अवस्थामा पन्ध्र जनाले दुरी कायम गरेर गर्ने बाहेकमा कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेला जस्ता सामूहिक जमघटका कार्य निषेध गर्ने । निषेधित कार्य भए गरेको पाइएमा प्रभावकारी हस्तक्षेप समेत गर्ने ।

मुख्य सचिव

मा. महेन्द्र बहादुर शाही

१०. कार्यालयबाट गराइएका सबै विकास निर्माणका कार्य दुरी कायम गरेर प्रदेश भित्रका कामदारबाट गराउने । बाहिरबाट कामदार ल्याउनु पर्ने भए PCR TEST गराई रिपोर्ट सहित ल्याउने व्यवस्था मिलाउने र यसको लागि पनि छुट्टै आचारसंहिता बनाइ निर्देशनको रुपमा जारी गर्ने ।

११. स्वयमसेवक परिचालन सम्बन्धमा यस अगाडी भएका निर्णयहरुको कार्यान्वयन एवम् मापदण्ड / निर्देशन जारी गरी प्रभावकारी परिचालन गर्ने व्यवस्था मिलाउने ।

१२. कोभिड-१९ बाट सिर्जित त्रास र मनोसामाजिक भयबाट जनजीवनलाई सामान्य बनाउन र संक्रमणको नियन्त्रण गर्न हाललाई होटल तथा रेष्टुरेन्ट पूर्णरुपमा बन्द गर्ने नीति लिने तर, स्थानीय प्रशासनको स्वीकृतिमा सुरक्षा/निगरानी प्रबन्ध गरी मापदण्ड पुगेका होटलको सूची बनाई आइशोलेसन तथा क्वारेन्टिनको लागि उपयोग गर्ने व्यवस्था मिलाउने र कुनै व्यक्ति व्यक्तिगत रुपमा होटलमा आइशोलेसनमा बस्न चाहेमा सुरक्षा सहितको प्रबन्ध गरी औचित्यको आधारमा राख्ने व्यवस्था प्र.जि.अ ले मिलाउने ।

१३. गोठीकाँडा र काक्रेबिहार क्षेत्रमा प्राय: शुक्रवार र शनिवार ठूलो संख्यामा मानिसहरु घुमफिरका लागि आवत जावत गरेको पाइएकोले यस्तो आवागमनलाई कडाईका साथ नियन्त्रण गर्ने ।

१४. प्रत्यक्ष सम्पर्कमा रही सरकारी सेवा प्रवाह गर्ने कार्यालयहरुमा अत्यावधिक रुपमा सेवाग्राहीको भिड बढी रहेकोहुदाँ संक्रमणको जोखिम उच्च देखिएकोले त्यस्तो कार्यालयहरुमा सेवाग्राहीको भिड कम गराउन टोकन प्रणाली वा Online व्यवस्था मिलाउने ।

१५. कार्यालयमा प्रवेश गर्दा कर्मचारी / सेवाग्राहीले अनिवार्य रुपमा मास्क लगाएर आउने, साबुन पानीले हात धुने, बोल्दा पनि मास्क लगाएर बोल्ने संस्कृतिको विकास गराउने साथै अतिआवश्यक काम बाहेक प्रत्यक्ष भेटघाटको कार्यलाई पनि कमगर्नको लागि Telephone तथा E-mail को प्रयोग गर्ने गराउने ।

१६. Document तयारी गरी सही मात्र गर्ने गरी बैठक सकेसम्म भर्चुअल रुपमा गर्ने ।

१७. कालिकोट, दैलेख र सल्यानमा ICU को संख्या बढाउन सामाजिक विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

१८. कोरोना रोग नियन्त्रणका लागि मास मिडिया प्रयोग गरी व्यापक प्रचार मार्फत सचेतना बढाउने कार्य गर्ने गराउने ।

१९. बैंक लगायत भिडभाड हुने निकाय संस्थाले भिडभाड कम गर्न आवश्यक व्यवस्था गर्ने गराउने ।

२०. कोभिडका कारण प्रभावित घाइते तथा अपाङ्गहरुलाई उपयुक्त मापदण्ड बनाई आवश्यक सहयोग गर्ने गराउने व्यवस्था मिलाउने ।

नि॰ प्रमुख सचिव

मा. महेन्द्र बहादुर शाही
मुख्यमन्त्री